# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ (दोश्रो संशोधन २०८१)

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अत्तरिया कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
२०८१

**दस्तावेज :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९(दोश्रो संशोधनः २०८१)

**प्रकाशन मिति :** २०८१ असार

**सर्वाधिकार :** गोदावरी नगरपालिका, अत्तरीया कैलाली

**प्रथम प्रकाशनः** २०७९ असार

**दोश्रो संशोधनः** २०८१ असार

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरीया, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल



पत्र संख्या
चलानी

मिति: २०८१/०३/२७

## सुभकामना

गोदावरी नगरपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना दोश्रो संशोधन तथा अध्यावधिक २०८१ तयार गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेकोछ । गोदावरी नगरपालिकामा वर्षेनि भूकम्प, बाढी, सडक दुर्घटना, महामारी, आगलागी, हावाहुरी, शीतलहर, बालीमा लाग्ने रोगकिरा, सर्पदंश, सुक्खा खडेरी, चटयाङ, असिना, जंगली जनावर आतंक जस्ता विपद्बाट जनधनको क्षति भइरहेको छ । तसर्थ विपद्का घटनाको पूर्वतयारी तथा प्रतिकार्यका लागि व्यवस्थित योजना बनाई लागू गर्नु आजको आवश्यकता रहेकाले विभिन्न सरोकारवालाको सुझाव सहित यो योजना तयार गरिएको हो ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । विगतका विभिन्न विपद्वाट प्राप्त सिकाइ तथा नयाँ ऐन, नियमलाई आत्मसात गरी स्थानीय तहको समन्वयात्मक तथा कार्यान्वयात्मक भूमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार बनाउँदै यो नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । स्थानीय सरकारी, विषयगत क्षेत्र,गैरसरकारी संस्था, निजीक्षेत्र, रेडक्रस र प्रबुद्धवर्गसँगको छलफल र पृष्ठपोषणका आधारमा योजना निर्माण गरिएको हो ।

राज्य पुनर्संरचना अनुरूप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भूमिकालाई थप सक्रिय तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता महसुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको हो । यस योजनामा समावेश गरिएको सबै जिम्मेवार निकायले आ-आफ्नो भूमिका र जवाफदेहिता निर्वाह गर्न सकेमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा महत्वपूर्ण टेवा पुग्नेछ । नगरपालिकाले निश्चय पनि क्षमता र सीमाका आधारमा योजना कार्यान्वयन गर्न र गराउन अग्रणी भूमिका खेल्नेछ ।

योजना तयार गर्ने क्रममा सहयोग पुऱ्याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, ८ वटा क्षेत्रगत समूहहरू, स्थानीय सरकार, राजनीतिक दल, सरोकारवाला संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने सेन्टर फर रिप्रोडक्टिभ राईट्स (सि आर आर), केएर नेपाल र साझेदार संस्था निड्स नेपालको योगदान स्मरण गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि सहजीकरणको भूमिका निर्वाह गर्ने लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि (LTRC), कैलाली र गोदावरी नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

.....................................

बिरेन्द्र भट्ट
नगर प्रमुख
गोदावरी नगरपालिका,कैलाली

# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरीया, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल



पत्र संख्या
चलानी

मिति: २०८१/०३/२७

## सुभकामना

मानिसलाई प्राकृतिक रुपमाआइपर्ने प्रकोपजन्य वा  जलवायुका कारण मानवजन्यजनधनमा पर्ने असरलाई विपद् भनिन्छ जो मानिसले प्रकृति संग गरिने कृयाकलापहरुमापनि आधारित हुन्छ । कतिपयविपद्हरु प्राकृतिक रुपमा मात्रै उत्पत्ती हुन्छन् तिनिहरुलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न सक्दैन तर तिनिहरु बाट वच्ने उपायमात्र गर्न सक्छ जस्तै भुकम्प यसलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न नसके पनि यसवाट हुने क्षतीकमहुने उपाय गर्न सक्छ भने अन्य वाढी, नदी कटान, डुवान,पहिरो,हावाहुरी, आगलागी,महामारी जस्ता प्रकोपहरु मानविय कृयाकलाप बाट सृजितहुने भएकाले यसको प्रभावकारी व्यवस्थापन र न्यूनिकरण गर्न विभिन्न उपायहरु अपनाउनु पर्ने हुन्छ ।
यस नगरपालिकाका सम्भावित विपदहरुको पहिचान गरी ति विपदहरुलाई व्यवस्थापन र न्यूनिकरण गर्न यस नगरपालिकाको “विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९” दोश्रो सँसोधन २०८१ तयार गरिएको छ । यस योजनाले नगरपालिकामा हुने सम्भावित विपद्हरुलाई पहिचान गर्नुका साथै ति जोखिमयुक्त वस्ती, समुदाय र क्षेत्रहरुको समेत पहिचान गरी कुन क्षेत्रमा विपद् न्यूनिकरण गर्न के उपाय गर्न सकिन्छ सो उपायको खोजी र प्रयोग गर्ने योजना तथा कार्यक्रम समेट्ने प्रयास गरिएको छ । प्रस्तुत योजना अनुसार यस नगरपालिकाको स्थानीयविपद् तथा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाले समेटेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विभिन्न कृयाकलापहरुमा सहयोग गर्न सवै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुलाई अनुरोध समेत गरिने छ ।

यस नगरपालिकाको “विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न सहयोग गर्ने सेन्टर फर रिप्रोडक्टिभ राईट्स  (सि आर आर), केएर नेपाल, साझेदार संस्था निड्स नेपाल र सहजीकरणगर्ने लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि, कैलाली (LTRC), गोदावरी नगरपालिकाका प्रतिनिधिलाई  पनि धन्यवाद दिन चाहन्छु र साथै स्थानीय विपद् व्यवस्थापन समितिलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजनाले विपद् आइपर्नु अगावै पूर्वतयारी र विपद्को समयमा गरिने प्रभावकारी समन्वयात्मक तथा प्रतिकार्यलाई सहज र योजनाबद्ध बनाउन मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

शारदा देवी रोकाया
नगर उप प्रमुख
गोदावरी नगरपालिका,कैलाली



# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरीया, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या
चलानी

मितिः २०८१/०३/२७

**बिषय : जो जस संग सम्बन्ध राख्दछ ।**

तीव्र औद्योगिक विकास, अव्यवस्थित सहरीकरण, जीवांश इन्धनको अत्यधिक प्रयोग, विषाक्त ग्याँस तथा रासायनिक पदार्थको उत्पादन,वन विनाश आदि जस्ता मानवजन्य क्रियाकलापले उत्पन्न हरितगृह ग्याँसले विश्वव्यापी उष्णीकरण भइरहेको छ । यसको परिणाम स्वरूप जलवायुमा परिवर्तन आएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भईसकेको छ । जलवायु परिवर्तनको असर स्थानीय तहमा पनि प्रत्यक्ष रुपमा देखिन थालिसकेको छ । तसर्थ परिवर्तित जलवायुले निम्त्याएको विपदका असरहरुसंग जुध्न अनुकूलनका उपायहरुका साथै विपद जोखिम न्युनीकरणका उपाय अपनाउनुमा अहिलेको प्रमुख चुनौती बनेको छ । वर्षेनी नेपालमा अनियमित वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, असिना, शितलहर आदि जस्ता प्रकोपहरु देखा पर्छन । यस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरुमा प्रत्यक्ष असर पार्दछन ।

यस्ता असरबाट कैलाली जिल्लाको गोदावरी नगरपालिका पनि अछुतो रहेको छैन । यहाका वासिन्दाहरुले यिनै प्रकोपहरुको नकारात्मक असरहरु महशुस गरिरहेका छन् । यसै सन्दर्भमा गोदावरी नगरपालिकाका स्थानीय विपद व्यवस्थापन समिति, विषयगत क्षेत्र र सरोकावालासंग प्रत्यक्ष अर्न्तक्रिया गरी विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ दोश्रो सँशोधन २०८१ तयार गरिएको छ । यस नगरपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ लाई अध्यावधिक सफलतापूर्वक निर्माण गर्नको लागी आर्थिक तथा प्राविधिक सहयोग गर्ने सेन्टर फर रिप्रोडक्टिभ राईट्स (सि आर आर), केएर नेपाल, साझेदार संस्था निड्स नेपाल र सहजीकरण गर्ने लक्ष्य ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि, कैलाली (LTRC), गोदावरी नगरपालिकाका प्रतिनिधिलाई पनि धन्यवाद दिन चाहन्छु । विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको पारदर्शिता सहित कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्यको लागि गोदावरी नगरपालिकाको कार्यालय सदा तत्पर रहने छ । यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा सहयोग तथा सहकार्यको अपेक्षा राख्दछु ।

धन्यवाद ।

.........................................
हरी दत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत
गोदावरी नगरपालिका,कैलाली

# शब्द संक्षेप

| | |
|---|---|
| गै.स.सं. | गैर सरकारी संस्था |
| कृ.ज्ञा.के.स.का. | कृषि ज्ञान केन्द्र वा सम्पर्क कार्यालय |
| ला.पा | स्थानीय अनुकुलन योजना |
| शि.वि.स.ई. | शिक्षा विकाश तथा समन्वय इकाई |
| त्रि.वि.: | त्रिभुवन विश्वविद्यालय |
| जि.प्रा.का: | जिल्ला प्राविधिक कार्यालय |
| जि.प्र.का: | जिल्ला प्रशासन कार्यालय |
| जि.प्र.का: | जिल्ला प्रहरी कार्यालय |
| जि.ज.स्वा.का: | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जि.भू.का: | जिल्ला भू-संरक्षण कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| प्रा.क्र.: | प्राथमिकता क्रम् |
| प्रा.वि: | प्राथमिक विद्यालय |
| नापा | राष्ट्रिय अनुकुलन योजना |
| न.पा. | नगरपालिका |
| ने.से. | नेपाली सेना |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| मा.वि: | माध्यामिक विद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| सु.प.वि.वि. | सुदुर पश्चिम विश्व विद्यालय |
| स.प्र.ब: | सशस्त्र प्रहरी बल |
| स्वा.से. | स्वास्थ्य सेवा |
| CCA | Climate Change Adaptation |
| CDMC | Community Disaster Management Committee |
| DPRP | District Disaster Preparedness and Response Plan |
| DRR | Disaster Risk Reducation |
| LDCRP | Local Disaster and Climate Resilience Plan |
| LDMC | Local Disaster Management Committee |
| RRT | Rapid Response Team |
| VCA | Vulnerability Capacity Assessment |
| WDCRP | Ward Disaster and Climate Resilience Plan |
| WDMC | Ward Disaster Management Committee |

# विषयसूची

**खण्ड-१: प्रारम्भिक परिचय**

१.१ परिचय........ १

१.२ योजनाको उद्देश्य........ २

१.३ योजना तर्जुमा प्रक्रिया ........ ३

१.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक........ ३

१.३.२ आधारभूत अध्ययन ........ ३

१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक ........ ४

१.३.४ कार्यशाला गोष्ठी ........ ४

१.३.५ योजनाको मस्यौदा तयारी........ ४

१.३.६ योजना मस्यौदा क्रियाकलापको परीक्षण ........ ४

१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ........ ४

**खण्ड-२: विपद् जोखिम र व्यवस्थापनको अवस्था ........ ५**

२.१ गोदावरी नगरपालिकाको संक्षिप्त परिचय ........ ५

२.२ गोदावरी नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू ........ ६

२.३ विगतका विपद्को अवस्था विश्लेषण ........ ६

२.३.१ विपद्को ऐतिहासिक समय रेखा........ ६

२.३.२ विपद्को आवृत्ति र गम्भीरता........ ९

२.३.३ विपद्बाट भएको क्षतिको विवरण ........१३

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र........१३

२.५ प्रकोपहरूको सम्भाव्य जोखिमविश्लेषण........१४

२.६ पूर्वसूचना प्रणालीको अवस्था ........ १४

२.७ नीतिगत, कानुनी तथा कार्य जिम्मेवारी ........ १४

२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ १५

२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र........ १५

२.८.२ खाद्य तथा कृषि क्षेत्र........ १६

२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र........ १६

२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र........ १७

२.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र........ १७

२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र ........ १८

२.८.७ आपत्कालीन शिक्षा क्षेत्र ........ १८

२.८.८ शीघ्र पुनर्लाभ क्षेत्र ........ १९

**खण्ड-३: पूर्वतयारी तथा प्रतिकार्य योजना ........ १९**

३.१ सामान्य पूर्वतयारी योजना ........ १९

३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना......२०
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना ...................................... २२
३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य क्षेत्रको पूर्वतयारी योजना ...................... २४
३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना..... २५
३.१.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना.......२९
३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ................................. ३१
३.१.७ आपत्कालीन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना................................ ४४
३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना .........................................
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना .........................................................
३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.......................................
३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना................... ४०
३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.............. ४०
३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना........................................................................................................... ४१
३.२.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना..............................................................................................................४१
३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ............... ४३
३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.................४४
३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना .......................४५
३.३ आपत्कालीन प्रतिकार्य योजना ........................................................................ ४६
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ............. ४७
३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना................................................... ४९
३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ............................................ ५१
३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना .............. ५२
३.३.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ............... ५३
३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना.............................................. ५५
३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना............................................. ५६
३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना..................................................... ५७
**खण्ड - ४: बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा.....................५९**
४.१ स्रोत-साधनको वर्तमान अवस्था ......................................................................५९
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता..................................................६१
४.३ बन्दोबस्ती सामग्रीको आँकलन .......................................................................६२
४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल..............................................................६२
४.३.२ मानवीय सहायता स्थल.........................................................................६२
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत .........................................६३
**खण्ड-५: विविध............................................................................................ ६४**

५.१. स्रोत साधनको व्यवस्थापन......६४
५.२. अन्य निकायसँगको समन्वय र सहकार्य ......६४
५.३. अनुगमन, मूल्याङ्कन तथा सिकाइ ......६४
५.३.१ लक्ष्य र सूचकहरू ...... ६४
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ......६६
५.४. क्षमता विकास रणनीति र योजना ......६७

**अनुसूचीहरू**

अनुसूची १: प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची......६८
अनुसूची २: स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यदिशा...६८
अनुसूची ३: सरोकारवाला निकायको पहिचान तालिका ...... ७०
अनुसूची ४: विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची......७५
अनुसूची ५: विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त ......७६
अनुसूची ६: अगुवा सहयोगी संस्थाको कार्यशर्त ......७७
अनुसूची ७: कार्यशाला गोष्ठीको कार्यसूची ......७८
अनुसूची ८: स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण...... ८४
अनुसूची ९: विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण...... ८५
अनुसूची १०: विषयक्षेत्रअन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण ...... ८६
अनुसूची ११: प्रतिकार्यका लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण ......८६
अनुसूची १२: योजना अनुगमन, मूल्याङ्कन तथा सिकाइ संश्लेषण प्रारूप ...... ८७
सन्दर्भ सामग्री ...... ८७

# खण्ड -१ : परिचय

# १. पृष्ठभूमि

## १.१ परिचय

नेपाल बहुप्रकोप जोखिमयुक्त देशहरूमध्ये उच्च जोखिममा रहेको देश हो । नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरो आदिको उच्च जोखिममा रहेको मुलुक हो । भौगोलिक विविधताले भरिपूर्ण नेपाल जलवायु, वनस्पति र जैविक प्रचुरताले भरिपूर्ण छ । यी विविधताहरू युगौंदेखिका प्राकृतिक विपद्हरूबाट निर्मित तथा परिवर्तित हुँदै आएका छन् । पृथ्वीको सतहमुनिको टेक्टोनिक प्लेटहरूको विस्तारै निरन्तर सर्ने प्रक्रियाले नेपाल उच्च भूकम्पीय जोखिमयुक्त क्षेत्रभित्र पर्छ । भूकम्पीय जोखिमबाट सङ्कटासन्न अवस्थाका मुलुकमध्ये एघारौं स्थानमा पर्छ । उत्तरी हिमशृंखलामा छेकिएर हुने मनसुनी वर्षाले देशमा जीवनदायी वर्षा गराउँछ । यद्यपि अत्यधिक जलवाष्पका कारण हुने वर्षा र भिराला पर्वत शृंखलाबाट बग्ने नदीहरूले व्यापक रूपमा बाढी र डुबान समस्या सिर्जना गरी कठिनाइ पैदा गर्छन् । यस अतिरिक्त यसले मुलुकको हिमाली र पहाडी भेगमा प्रशस्त पहिरो निम्त्याउँछ र मुलुकको दक्षिणी समतल क्षेत्रमा डुबानको समस्या बढ्ने गरेको छ । जलवायुजन्य परिस्थितिमा आएको शीघ्र परिवर्तनले यस्ता विपद्हरूको तीव्रता र प्रभाव बढ्ने गरेको छ । माथि उल्लिखित विपद्बाहेक अन्य विपद् जस्तै मानव सिर्जित विपद्हरूबाट आक्रान्त छ । बाढीजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्ने मुलुकमध्ये नेपाल तीसौं स्थानमा पर्छ । जलवायुजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्नेमध्येमा चौथो स्थानमा छ । यी विपद्बाट हुने क्षतिबाट गोदावरी नगरपालिका अछुतो छैन ।

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रूपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरू तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्रदेखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचनामध्ये एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

विद्यमान कानुनी व्यवस्था अनुरूप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्था वर्षेनि वृद्धि हुने गरेको छ । यस गोदावरी नगरपालिका पनि यस्ता प्रकोप जोखिमहरूबाट अछुतो रहन सकेको छैन । यस गोदावरी नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभ योजना तर्जुमा गर्न आवश्यक देखिएको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड नं.९ र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ अनुरूप यस गोदावरी नगरपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## १.२ योजनाको उद्देश्य

यस गोदावरी नगरपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यो योजनाको मुख्य उद्देश्य हो । यसका अन्य उद्देश्य देहाय बमोजिम छन् ।

क) विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु ।

ख) विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान गर्नु ।

ग) विपद्को लेखाजोखा, जोखिम नक्सांकन, विगतका घटनाहरूको तथ्यांक संकलन र विश्लेषणका आधारमा जोखिम सूची योजना तयार गर्नु ।

घ) विपद् प्रतिकार्यका लागि समान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ ले गोदावरी नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी प्रतिकार्य योजना तर्जुमा गर्ने व्यवस्था

गरेको छ। सोही व्यवस्था अनुसार यस गोदावरी नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम छ।




माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरूको संक्षेपमा तल चर्चा गरिएको छ।

### १.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नका लागि नगर विपद् व्यवस्थापन समितिका पदाधिकारीसँग मिति २०८१ वैशाष २५ गतेका दिन बसेको बैठकबाट यस नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सम्बन्धमा ८ वटा विषयगत क्षेत्रहरूसँग छलफल गरेर यस दस्तावेजलाई दोश्रो चरणमा संशोधन गर्ने निर्णय गरिएको छ ।

### १.३.२ आधारभूत अध्ययन

नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू विपद्का घटना सम्बन्धी तथ्यांक र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरूको पुनरावलोकन र गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्यांक, दस्तावेज र प्रकाशनहरूको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो :–

- विपद् व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन तथा निर्देशिका ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना (सन् २०१८-२०३०)
- कैलाली जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक १२ औं संशोधन) २०८०
- विपद् व्यवस्थापन सम्बन्धी विगतको अभ्यास, अनुभव तथा सिकाइ ।
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली ।
- नगरपालिकाको नगर प्रोफाइल ।
- गोदावरी नगरपालिकाका स्थानीय अनुकुलन योजना

### १.३.३ विषयगतक्षेत्र (क्लस्टर) को बैठक

विषयगत क्षेत्रअन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना तयारी (सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजना) का गतिविधिहरू, विषयगत क्षेत्रसँग सम्बन्धित रही स्रोतहरूको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न विषयक्षेत्रहरूसँग मिति २०८१ वैशाष २५ गते बैठक सञ्चालन गरिएको थियो । विषयगत क्षेत्रहरूको छलफल र प्रथम र द्वितीय स्रोतबाट संकलन गरिएका सूचनाहरू संश्लेषण एवं विश्लेषण गरी गोदावरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा दोश्रो चरणमा संशोधन गरिएको छ ।

विषयगत क्षेत्रको बैठक तथा द्वितीय स्रोतको समेत अध्ययनबाट प्राप्त सूचनाबाट तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरूको उपस्थितिमा बैठक गरी आवश्यक सुझाव लिइएको थियो । यसरी प्राप्त सुझावहरूसमेत यो योजनामा समावेश गरिएको छ ।

मिति २०८१ असार ४ गते, ९ गते र २७ गते सम्पन्न नगरपालिका स्तरीय  बिपद व्यवस्थापन समिति र विषयगत क्षेत्र सँग सम्बन्धीत शाखाहरुको बैठकबाट योजनाको पुनरावलोकन गरी प्राप्त सुझाव तथा सल्लाह समेत समेटी यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई दोश्रो चरणमा संशोधित गरी अन्तिम रूप दिइएको छ ।

# खण्ड-२ : विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ गोदावरी नगरपालिकाको संक्षिप्त परिचय

सुदूरपश्चिम प्रदेशमा अवस्थित (२८°८१' उत्तरदेखि २८°९२' उत्तरी अक्षांश ८०°५५' पूर्वदेखि ८०°८' पूर्व देशान्तर) गोदावरी नगरपालिका कैलाली जिल्लाको मध्यपश्चिम भागमा अवस्थित छ । जिल्ला सदरमुकाम धनगढीबाट १५ कि.मि.को दूरीमा रहेको यो नगरपालिकाको ३०८.६३ वर्ग कि.मि. छ । र संघीय राजधानी काठमाडौंबाट ६४५ किलोमिटरको दूरीमा रहेको छ। यस नगरपालिकामा १२ वडा छन् । नगरपालिकाको केन्द्र वडा नं. १ अत्तरिया बजारमा रहेको छ। यसको पूर्वमा गौरीगंगा नगरपालिका र चुरे गाउँपालिका, पश्चिममा कञ्चनपुर जिल्ला, उत्तरमा चुरे गाउँपालिका र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेका छन्। यस नगरपालिकामा उष्णदेखि समशीतोष्णसम्म हावापानी रहेको छ।

साविकको अत्तरिया नगरपालिकाका १, २, ३, ४, ५, ६, ७, ८, १२, र १३ वडाहरू र गोदावरी गाविस समेत गरी गोदावरी नगरपालिका निर्माण गरिएको छ । चुरे पर्वत शृंखलाको काखमा रहेको यो नगरपालिका नेपाल-भारत सिमानाबाट २५ कि.मि. उत्तरमा अवस्थित छ । साथै नेपालको पश्चिमी सिमाना गड्डाचौकी र दक्षिणी सिमाना गौरीफन्टा जाने मार्ग समेत यही नगरपालिकाको केन्द्र अत्तरिया बजार हो, जो गोदावरी नगरपालिकाको प्रमुख सेवा केन्द्रको रूपमा समेत रहेको छ।

**नगरपालिकाको जानसांख्यिकी विवरण:**

| जनगणना आधार (साल) | घरधुरी | जम्मा जनसंख्या | पुरुष | | महिला | | प्रतिशत औसत परिवार | वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | | |
| २०६८ | १४,९१५ | ७८,०१८ | ३६,४४२ | ४७ | ४१,३७६ | ५३ | ५.२३ | २.२९ |
| २०७८ | २१२५० | ९८७४६ | ४६७०७ | ४७.३ | ५२०३९ | ५२.७ | ४.६५ | |

## २.२ गोदावरी नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू

यस नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरूमा भूकम्प, बाढी, डुबान, बालीमा लाग्ने रोगकिरा, शीतलहर, हावाहुरी, असिना, आगलागी, सुक्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्पदंश आदि पर्छन् । नगरपालिकाको वडा स्तरीय तथ्याङ्क अनुसार यस नगरपालिकाको क्षेत्रमा सबैभन्दा बढी बाढी र डुबानबाट जनधनको क्षति हुने गरेको पाइन्छ ।

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा

गोदावरी नगरपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन ऐतिहासिक विपद् समयरेखा तयार गरिएको छ । यस विधिको प्रयोग गर्दा विशेष गरी वडासँग छलफल गरिएको छ । यस नगरपालिकामा विगत तीस वर्षयता विभिन्न समयमा घटेका प्राकृतिक, गैरप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरूको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| बाढी/पहिरो /डुबान | २०६५ | प्राकृतिक क्षेत्र भौतिक, आर्थिक | वडा नं. ४ (भ्यागुतेपानी, तल्लोदोगडे, वासपानी, चुनेपानी, सलानीडाँडा) | त्रिपाल र तारजाली वितरण |
| | २०७० | प्राकृतिक क्षेत्र भौतिक, आर्थिक | वडा नं. ४, ८, ६ | त्रिपाल र तारजाली वितरण |
| | २०७० सालदेखि प्रत्येक वर्ष | ५ देखि ८ घरधुरी पलायन हुने जारी (भौतिक, आर्थिक) | वडा नं. ४, ८, ६ | वृक्षारोपण गरेको, कटान छेकबारका लागी झालाको प्रयोग |
| | २४ भदौ, २०७४ | १ जना महिलाको मृत्यु | वडा नं. ९ | खोज तथा उद्धार, |
| | २२ फागुन, २०७४ | १ जना पुरुषको डुबेर मृत्यु | वडा नं. ४ | खोज तथा उद्धार, |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| | १८ असार, २०७५ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ९ | |
| | १८ असार, २०७५ | १ वटा घर नष्ट | वडा नं. ९ | |
| | १८ असार, २०७५ | १ जना पुरुषको मृत्यु | वडा नं. ९ | खोज तथा उद्धार, |
| | २८ साउन, २०७५ | १ जना महिलाको डुबेर मृत्यु | वडा नं. ३ | खोज तथा उद्धार, |
| | १२ भदौ, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. ४ | |
| | १२ भदौ, २०७८ | रु. १,५०,००० जनधनको क्षति | वडा नं. ४ | खोज तथा उद्धार, वृक्षरोपण, तटबन्ध निर्माण |
| आगलागी | २६ फागुन, २०७४ | १ घरधुरी प्रभावित | वडा नं. १० | |
| | ३० वैशाख, २०७५ | १ वटा घर नष्ट | वडा नं. १ | |
| | ८ वैशाख, २०७६ | १ घरधुरी प्रभावित | वडा नं. १ | |
| | १ असार, २०७६ | १ वटा घर नष्ट | वडा नं. ४ | |
| | ८ वैशाख, २०७७ | रु. ४,००,००० जनधनको क्षति | वडा नं. ८ | |
| | २२ वैशाख, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ४ | |
| | २२ वैशाख, २०७७ | रु. २,००,००० जनधनको क्षति | वडा नं. ४ | |
| | ३ असार, २०७७ | १ जना (पुरुष) घाइते | वडा नं. २ | |
| | २० असार, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. १ | |
| | १७ असोज, २०७७ | २ जना (१ पुरुष र १ महिला) घाइते | वडा नं. १० | |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| | १४ पुस, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ९ | |
| | २० भदौ, २०७७ | रु. ५,००,००० जनधनको क्षति | वडा नं. ६ | |
| | १९ जेठ, २०७८ | रु. ९,००,००,००० जनधनको क्षति | वडा नं. ४ | |
| | २९ जेठ, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ४ | पमनीको प्रयोग, झालाको प्रयोग माटो प्रयोग |
| | १ असार, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ४ | |
| | ३० वैशाख, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. १ | |
| | २९ जेठ, २०७८ | १ वटा घर नष्ट | वडा नं. ४ | |
| | २१ असार, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. १२ | |
| | २५ साउन, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. २ | |
| | २२ भदौ, २०७८ | रु. १,८०,००० जन धनको क्षति | वडा नं. ९ | |
| | २०५६ | १४ घर जलेर नष्ट १२ वटा शुचौपायाहरुको मरेका | वडा नं. १० | दमकलको प्रयोग |
| | २०७२ | बजार क्षेत्रका १० वटा पसल जलेर पूणरुपमा नष्ट, सुरक्ष सा.वन, चेतना स्वाबलम्बि सा.व. र चाहना सा. वनमा आगलागी भई वनमा रहेका काठ, दाउरा, स्याउला सोतरमा क्षति तथा प्रभाव | वडा नं. १ का अत्तरीया चौक र सा.वन मा | दमकलको प्रयोग, पानीको प्रयोग स्थानीयको सहयो |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| हावाहुरी | २०७२ | छाना उडाएर १०० घरधुरी प्रभावित, सा.व मा रुख ढलेर क्षति, मानव स्वास्थ्यमा नयाँ संक्रमण देखा परी प्रभावित, बाल विकास केन्द्रको छाना उडाएको | वडा नं. १० मा | छाना बाँध्ने तथा मर्मत गर्ने |
| | २०७६, जेठ २३ | भौतिक क्षति, आर्थिक क्षति, प्राकृतिक क्षति | वडा नं. १०, ११, १२, ३, ६ समुदायहरू | विद्यालय, घर, गोठका जस्ता उडाएकोलाई आर्थिक र त्रिपाल वितरण |
| | २०७७ | भौतिक क्षति, आर्थिक क्षति, प्राकृतिक क्षति | वडा नं. १०, ११, १२, ३, ६ समुदायहरू | रु. ३,००० देखि ६,००० सम्म राहत स्वरूप वितरण |
| असिना | २०७७ | भौतिक क्षति, आर्थिक क्षति | वडा नं. ४ र ६ समुदायहरू | |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| खडेरी | २०७२ साल देखि निरन्तर | मानव स्वास्थ्यमा छालाजन्य रोग तथा झाडापखाला, टाईडफाईट, भाईरल जवरोबाट प्रभावित भएका, मानव स्वास्थ्यमा सर्ने तथा नसर्ने रोगहरुमा बृद्धि भई प्रभावित भएका, पानी सतह घट्ने तथा नल्का, ताल, पोखरी, नदि आदी सुक्ने गरेको, खाद्यान्न बालिनालि तथा फलफूल, तरकारीमा खेतिमा रोगहरुको बृदि हुनुका साथै उब्जनिमा कमि भएको, बिउका बेर्नाहरु तथा कोमल बिरुवाहरु सुक्ने गरेको, पशुचौपायाहरु नयाँ नयाँ रोगहरु फैलिएको, संक्रमण बढेर पशुहरु दुग्धजन्य पदार्थ तथा मासुको गुणस्तरमा कमि,सामुदायिक वनमा स-साना बोटबिरुवाहरु सुकि वनको गुणस्तरमा कम भएको | सबै वडाका समुदायहरु | भएका पानिका स्रोतहरुको उपयोग, सुविधायुक्त ठाउँमा शुद्ध खानेपानीको प्रयोग, स्वास्थ्य चौकीको औषधी प्रयोग, घरेलु उपचार तथा जडिबुटिको प्रयोग , रासायनिक मल तथा कृषि भेटनरीको औषधिको प्रयोग |
| चटयाङ | २०७५ | मानवीय र आर्थिक क्षति | वडा नं. ३ समुदायहरू | |
| | २१ पुस, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ३ | |
| जंगली जनावर द्वन्द्ध (हात्ती) | २४ माघ, २०७६ | १ जना महिला घाइते | वडा नं. १० | |
| | २०७७ | अन्नबाली र तरकारी खेती नष्ट | वडा नं. ११ समुदायहरू | आर्थिक तथा प्राविधिक सहयोग, तारजाली वितरण |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| | ७-८ वर्ष यता | वर्षेनी रुपमा विभिन्न समयका बालीहरु खाने तथा कुल्चिने आदि प्रभावले उत्पादनमा कमि भएको, घरहरु भत्काउने,अन्न बाली भण्डारणमा क्षति, मान्छेहरु घाईते तथा मृत्यु हुने गरेको | वडा नं. ४, ६, ७, ८, ९, १०, ११, १२ का कृषिभूमि तथा बस्तिहरुमा | हो-हल्ला गर्ने, सिट्टी फुक्ने, पहरे बस्ने, तारबार गरेको, आगो बाल्ने |
| महामारी कोभिड १९ | २०७७ | मानवीय, आर्थिक क्षति | सबै वडा | राहत प्याकेज, आइसोलेसन र होल्डिङ सेन्टरको विकास, स्वयंसेवक तथा सामग्री वितरण, मृतकका घरपरिवारलाई आर्थिक सहयोग |
| | २०७८ | मानवीय, आर्थिक क्षति | सबै वडा | राहत प्याकेज, आइसोलेसन र होल्डिङ सेन्टरको विकास, स्वयंसेवक तथा सामग्री वितरण, मृतकका घरपरिवारलाई आर्थिक सहयोग |
| सडक दुर्घटना | प्रत्येक वर्ष | मानवीय, आर्थिक क्षति | सबै वडा | विभिन्न विपदमा कामगर्ने सँघसँस्थाहरुवाट जनचेतना |
| सर्पदंश | प्रत्येक वर्ष | मानवीय | सबै वडा र बढी मात्रामा १०, ११ र १२ | विभिन्न विपदमा कामगर्ने सँघसँस्थाहरुवाट जनचेतना मुलक कार्यक्रम गरेको |
| भूकम्प | २०७२ वैशाख १२ | आर्थिक, सामाजिक, मानिसक, भौतिक क्षति | १२ वडाभर | विभिन्न विपदमा कामगर्ने सँघसँस्थाहरुवाट जनचेतना मुलक कार्यक्रम गरेको |
| लु | प्रत्येक वर्ष | मानवीय, सामाजिक, आर्थिक र भौतीक क्षती | सबै वडा | विभिन्न विपदमा कामगर्ने सँघसँस्थाहरुवाट जनचेतना मुलक कार्यक्रम गरेको |
| शितलहर | प्रत्येक वर्ष | मानवीय, सामाजिक, आर्थिक र भौतीक क्षती | सबै वडा | जेष्ठ नागरीकहरुकालागी न्यानो कपडा वितरण (कम्मल) |

## २.३.२ प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

### *२.३.२.१ वडा स्तरीय प्रकोप स्तरीकरण*

*क) नगरपालिकामा हुने प्रकोपका घटना मध्य मुख्यरूपमा बाढी तथा डुबान र अन्य विपद् जोखिमको विश्लेषण गरी मानवीय सहयोग वा प्रतिकार्यका दृटिले वडा स्तरीय संकटासन्नता स्तरीकरण गरिएको छ । वडाको अवस्थाको लेखाजोखा गर्दा विपद्‌जन्य जोखिमको अवस्था देहाय अनुसार छ ।*

| प्रकोप | जोखिममा रहेका वडाहरू | | |
|---|---|---|---|
| | उच्च जोखिममा | मध्यम जोखिम | न्यून जोखिम |
| बाढी,पहिरो र डुबान | वडा नं. १, २, ३, ४, ८, ९,१० र १२ | वडा नं.५, ७, ११, | वडा नं. ६ |
| बालीमा लाग्ने रोगकिरा | वडा नं. १, २, ३, ४, ६, ७, ९ | वडा नं. ५, ८, ११, १२, १० | |
| शीतलहर | वडा नं. ६, ८, | वडा नं. ५, ७, ९, ११ | वडा नं. १, २,३,४, १२, १०, |
| हावाहुरी | वडा नं. १, २, ३, ७, ८, ११, १२ | वडा नं. ४, ६, ९, १० | वडा नं. ५ |
| असिना | वडा नं. ४,७, ८,१२, | वडा नं. ६ | वडा नं. १, २, ३, ५, ९, ११, १० |
| आगलागी | वडा नं. १, २, ३, ६, ७, ११,१० | वडा नं. ४, ५, ८, ९, १२ | |
| सुक्खा खडेरी | वडा नं. ५ | वडा नं. १, २, ३, ६, ८,१०, १२, | वडा नं. ७, ९, ११ |
| चट्याङ | | वडा नं. १, २, ३, १० | वडा नं. ४, ५, ६, ७, ८, ९, ११, १२ |
| जंगली जनावर द्वन्द्व | वडा नं. १, २, ३, ५, ९ | | वडा नं. ४, ६, ७, ८, ११, १२, १० |
| माहामारी | वडा नं. १, २, ३, ४, ५, ९, ११, १२ | वडा नं. ६, ७, १० | वडा नं. ८ |
| सडक दुर्घटना | वडा नं. १,२,३,४,५, ६,८,९, | | वडा नं. ७, ११, १०,१२, |
| सर्पदंश | वडा नं. ११, १२ | १० | वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| भूकम्प | वडा न. १ देखि १२ सम्म | | |
| लु | वडा न. १ देखि १२ सम्म | | |

## २.३.२.२ पालिका स्तरीय प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

| प्रकोप | बाढी | बालीमा रोगकिरा | शीतलहर | हावाहुरी | असिना | आगलागी | सुक्खा खडेरी | चट्याङ | जंगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्पदंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| बालीमा लाग्ने रोगकिरा | | | शीतलहर | हावाहुरी | बालीमा लाग्ने रोगकिरा | आगलागी | बालीमा लाग्ने रोगकिर | बालीमा लाग्ने रोगकिरा | बालीमा लाग्ने रोगकिरा | महामारी | सडक दुर्घटना | बालीमा लाग्ने रोगकिरा |
| शीतलहर | | | | हावाहुरी | शीतलहर | आगलागी | शीतलहर | शीतलहर | शीतलहर | महामारी | सडक दुर्घटना | शीतलहर |
| हावाहुरी | | | | | हावाहुरी | आगलागी | हावाहुरी | हावाहुरी | हावाहुरी | महामारी | सडक दुर्घटना | हावाहुरी |
| असिना | | | | | | आगलागी | सुक्खा खडेरी | चट्याङ | असिना | महामारी | सडक दुर्घटना | सर्पदंश |
| आगलागी | | | | | | | आगलागी | आगलागी | आगलागी | महामारी | सडक दुर्घटना | आगलागी |
| सुक्खा खडेरी | | | | | | | | सुक्खा खडेरी | सुक्खा खडेरी | महामारी | सडक दुर्घटना | सर्पदंश |
| चट्याङ | | | | | | | | | चट्याङ | महामारी | सडक दुर्घटना | सर्पदंश |
| जंगली जनावर आतंक | | | | | | | | | | महामारी | सडक दुर्घटना | सर्पदंश |

| प्रकोप | बाढी | बालीमा रोगकिरा | शीतलहर | हावाहुरी | असिना | आगलागी | सुख्खा खडेरी | चट्याङ | जंगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्पदंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महामारी | | | | | | | | | | | सडक दुर्घटना | महामारी |
| सडक दुर्घटना | | | | | | | | | | | | सडक दुर्घटना |
| अंकभार | ११ | ५ | ६ | ७ | १ | ८ | ३ | २ | ० | ९ | १० | ४ |
| स्तर | १ | ७ | ६ | ५ | ११ | ४ | ९ | १० | १२ | ३ | २ | ८ |

उच्च जोखिममाः प्रमुख प्रकोप भूकम्प पछि बाढी, आगलागी, महामारी, सडक दुर्घटना

मध्यम जोखिमः  हावाहुरी, शीतलहर, बालीमा लाग्ने रोगकिरा, सर्पदंश

न्यून जोखिमः  असिना, सुख्खा खडेरी, चट्याङ, जंगली जनावर आतंक

### २.३.३ विपद्को आवृत्ति र गम्भीरता

यस नगरपालिकामा विगत तीस वर्षयताका विपद्हरूको आवृत्ति र गम्भीरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विपद् | आवृत्ति (Frequency) | गम्भीरता (Intendity) | कैफियत |
|---|---|---|---|
| बाढी, पहिरो र डुबान | धेरै | धेरै | मुख्य नदीहरूमा पानीको बहाव बढेसँगै वर्षेनि डुबान, कटान, पटानको समस्या रहेकाले क्षति हुने गरेको । |
| बालीमा लाग्ने रोगकिरा | धेरै | मध्यम | खेतिबाली नष्ट हुने गरेको |
| शीतलहर | मध्यम | मध्यम | शितलहर वाट वर्षेनी बृद्ध बृद्धाहरु, महिला, वालवालीकाहरुका साथै विपन्न वर्गहरुलाई प्रभाव गर्नुका साथै खेतवाली र पशुपँक्षीहरुलाई पनि असर गर्ने गरेको |
| हावाहुरी | मध्यम | मध्यम | निश्चित महिनामा |
| असिना | न्यून | न्यून | निश्चित महिनामा |
| आगलागी | धेरै | धेरै | पक्की घरको संख्या बढेसँगै आगलागीको प्रकोपमा कमी आउनु साथै जनचेतनाको कारणले आगलागीको प्रकोपमा कमी भएको छ । तर जलवायु परिवर्तनका कारणले वन क्षेत्रमा डढेलोको प्रकोप वढेको पाईएको छ । |
| सुक्खाखडेरी | थोरै | मध्यम | प्रायः वर्षहरूमा खेती लगाउने समयमा सुक्खा खडेरीको समस्या रहेको छ । |
| चट्याङ | थोरै | धेरै | निश्चित महिनामा |
| जंगली जनावर आतंक | थोरै | धेरै | उत्पादनमा कमी, भण्डारण खाद्यन्नमा क्षति, मान्छे घाईते भएका |
| सडक दुर्घटना | धेरै | धेरै | निरन्तर |
| सर्पदंश | थौरै | धेरै | निश्चित महिनामा |
| भूकम्प | थौरै | धेरै | |
| लु | मध्यम | धेरै | गर्मि महिनामा वर्षेनी बृद्ध बृद्धाहरु, महिला, वालवालीकाहरुका साथै विपन्न वर्गहरुलाई वढी प्रभाव गर्नुका साथै खेतवाली र पशुपँक्षीहरुलाई पनि असर गर्ने गरेको |

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ।

यस नगरपालिकाका १२ वटा वडाका ८६ वटा प्रमुख टोल र वस्तीहरूका साथै ५० भन्दा बढी सहायक वस्तीमा रहेको करिब ८५० हेक्टर जमिन भूक्षय, बाढी तथा पहिरोको प्रकोपका कारण निकै संवेदनशील रहेको छ । वर्षेनि जाने बाढीका कारण दक्षिण क्षेत्रको ठूलो भूभाग क्षतिग्रस्त हुँदै गएको अवस्था छ । विश्वव्यापी रूपमा फैलिएको महामारी कोभिड १९ बाट समेत यो नगरपालिका प्रभावित छ । बाढी र डुबानसँगै भूकम्प, हावाहुरी, शीतलहर, असिना, खडेरी तथा जंगली जनावर आतंकबाट यस नगरपालिकामा क्षति हुने देखिन्छ ।

## २.५ प्रकोपहरूको सम्भाव्य जोखिम विश्लेषण

यस नगरपालिकामा रहेका घरहरूको बनोट हेर्दा ७/८ रेक्टर स्केल म्याग्निच्युडको भूकम्प भएमा कम्तिमा ६३.५४ प्रतिशत घरधुरीका घरहरू माटो, ढुङ्गाबाट निर्माण भएकाले फेरि प्रयोग गर्न नमिल्ने गरी क्षति हुने आँकलन गरिएको छ । यस क्षेत्रमा प्रमुख नदीहरू गोदावरी नदी, खुटिया नदी, खैराना नदी र अन्य साना नदीका बाढीले विभिन्न वर्षमा धेरै क्षति गरेको देखिन्छ । अव्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकाले यसबाट पनि थप जोखिम बढ्ने देखिन्छ । तसर्थ कम्तिमा पनि २,१९३ भन्दा बढी घरधुरीका करिब ११,४७० जनसंख्याका लागि आपत्कालीन व्यवस्थान गर्न सक्ने गरी बाढीका कारण हुने विपद्का लागि पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउनु आवश्यक देखिन्छ ।

हरेक वर्ष सुक्खा खडेरी लगातार बढ्दै गएमा अन्नपात उत्पादनमा समेत समस्या बढ्दै जाने देखिन्छ । विकास र जीविकोपार्जनका लागि गरिने क्रियाकलापहरूमा जोखिम न्यूनीकरण गर्न, उत्थानशील क्षमता वृद्धि गर्ने र जलवायु परिवर्तनका असरको सामना गर्न अनुकूलन हुने गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यक रहेको देखिन्छ ।

## २.६ पूर्व सूचना प्रणालीको अवस्था

यस नगरपालिकामा बाढी र अन्य प्रकोपमा आधारित पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन तर स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सम्पर्क स्थापित गरी सूचना आदानप्रदान गर्ने गरिएको छ ।




## २.७ नीतिगत, कानुनी तथा कार्य जिम्मेवारी

यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची ८ मा संलग्न छ । यस नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा, एकाइ स्थापना गरिएको छ । १२ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । सो कोषमा आर्थिक वर्ष २०८१ मा नगरपालिका र अन्य स्रोतबाट गरी रकम रु. ६५०००० जम्मा भएको छ । कोष सञ्चालन तथा परिचालनका लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५, आपत्कालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७, बाढी पूर्वतयारीका लागि आवास कार्य सञ्चालन कार्यविधि, २०७७ र विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७ तर्जुमा गरी अनुमोदन समेत गरेको छ । यस बाहेक नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, नियम, आवश्यक मार्गदर्शन बन्ने क्रममा रहेका छन् ।

## २.८ विषयगतक्षेत्र तथा कार्य जिम्मेवारी

यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिम कार्य जिम्मेवारी प्रदान गरेको छ।

१. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२. खाद्य तथा कृषि क्षेत्र
३. स्वास्थ्य तथा पोषण क्षेत्र
४. खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र
५. आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र
६. संरक्षण तथा सुरक्षा क्षेत्र
७. आपत्कालीन शिक्षा क्षेत्र
८. शीघ्र पुनर्लाभ क्षेत्र

**विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहाय अनुसार छन्।**

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउने।
२. आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउने।
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु।
४. समन्वय र साझेदारी अभिवृद्धि गर्नु
५. क्षेत्रगतलत्रान, सीप र प्रविधिको प्रभावकारी कार्यान्वयन गर्न

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रः

समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रले अन्य ७ विषयगत क्षेत्रको प्रतिकार्य क्रियाकलापलाई आवश्यक पर्ने बन्दोबस्ती सम्बन्धी सहयोग व्यवस्थापन गर्नेछ। आकस्मिक ढुवानी, यातायात सञ्चालन, राहत वितरण, उद्धार र अन्य सहयोगका लागि यो क्षेत्रले कार्य गर्नेछ। यसैगरी नगरपालिकामा रहेका सरकारी र सार्वजनिक यातायातका साधनहरूको सूची तयार गर्ने छ, साथै विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन वा हस्तान्तरणको प्रबन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रका सम्पर्क व्यक्तिको विवरण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख, गोदावरी न.पा. | सुलोचना कुमारी खड्का | ९८६५९७४७७७ |
| २ | सूचना शाखा प्रमुख, गोदावरी न.पा. | मनोज बहादुर धामी | ९८६८७७५५८६ |
| ३ | इलाका प्रहरी कार्यालय, मालाखेती | | ९८५१२८१७४६ |
| ४ | ससस्त्र प्रहरी | | ९८५१२७२०१५ |
| ५ | तेघरी व्यारेक | | ९८५१०६५५५७ |
| ६ | नेपाल रेडक्रस सोसाईटी अत्तरिया उपशाखा | भरत खड्का | ९८५८४२०८०२ |
| ७ | तयार नेपाल | निराजन चौधरी | ९८५२०४८७४१ |
| ८ | नगर प्रहरी प्रमुख, गोदावरी | मोहनदेव पन्त | ९८४१३६११२६ |

### २.८.२ खाद्य तथा कृषि क्षेत्र

यो विषय क्षेत्रले विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल खानेकुराको स्फेयर मापदण्ड अनुसार व्यवस्था गर्ने, खानेकुरा पकाउनका लागि आवश्यक प्रबन्ध मिलाउने र कृषि र पशु क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

**खाद्य तथा कृषि क्षेत्रका सम्पर्क व्यक्तिका विवरण**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कृषि शाखा प्रमुख, गोदावरी न.पा. | नन्दी मल्ल | ९८४८४२५००४ |
| २ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |
| ३ | लिवर्ड नेपाल | कविता शाही | ९८६५७९९७६६ |
| ४ | वाइ ए इ नेपाल | निर्मला बुढाऐर | ९८४८८५५७९६ |
| ५ | हेफर प्रोजेक्ट नेपाल | विष्णु प्रसाद धिताल | ९८५७८३४६२५ |
| ६ | ग्रेपनेपाल | सृजना खड्का | ९८६८५६८६९८ |

| क.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| ७ | नगर प्रहरी प्रमुख, गोदावरी | मोहनदेव पन्त | ९८४१३६११२६ |

### २.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र

स्वास्थ्य तथा पोषण क्षेत्रले विपद्मा घाइते भएकाहरूलाई प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्बन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका बिरामी वा घाइतेलाई अस्पतालसम्म पु¥याई स्वास्थ्य उचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुन सक्ने समस्याबारे प्रभावित र सरोकारवालालाई सचेत साथै अधिकारमुखी अवधारणामा आधारित यौन तथा प्रजनन स्वास्थ्य सेवा निरन्तर प्रवाह गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषय क्षेत्रले कोभिड १९ लगायतका संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

**स्वास्थ्य तथा पोषण क्षेत्रका सम्पर्क व्यक्तिका विवारण ।**

| क.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा प्रमुख, गोदावरी न.पा. | नवराज अवस्थी | ९८४८४८५९३० |
| २ | मालाखेती अस्पताल | डा. सृजना अधिकारी | ९८४८६९८०८५ |
| ३ | केयर नेपाल | कालीदास जोशी | ९८४८४२८७६९ |
| ४ | निड्स नेपाल | रुचि रानामगर | ९८४८४३४७३७ |
| ५ | त्रिशुली प्लस | अमि रिजाल | ९८६८७०६६४५ |
| ६ | गोदावरी प्लस | हेमन्त ओझा | ९८६४७०८३८९ |
| ७ | एन.एन.एस.डब्लु.ए | प्रभुनिधि पन्त | ९८४२२३४८०३ |
| ८ | प्रजनन स्वास्थ्य कार्य समुह | शान्ति बलमपाकी, सदस्य सचिव | ९८६५७२२९०० |

विपद् व्यवस्थापनका लागि गोदावरी नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ । कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराइनेछ । स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालयमार्फत हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराइनेछ । नगरपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापका लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालयमार्फत संघीय सरकारसँग अनुरोध गरिनेछ । साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

## ५.२. अन्य निकायसँगको सन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लगि छिमेकी कृष्णपुर, धनगढी उपनगर/नगरपालिकासँग सहयोग आदानप्रदान गरिनेछ । यस्तो सहयोग विशेषगरी बाढी, महामारी र आगलागीको समयमा प्रतिकार्यका लागि दमकल, एम्बुलेन्स तथा अत्यावश्यक मानवीय सहायता सामग्रीको उपयोगमा केन्द्रित हुनेछ । अन्य किसिमका थप सहयोग आदान प्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरूसँग आवश्यक समझदारी वा सम्झौता गर्न सक्नेछ । नेपाल सरकार, प्रदेश, तथा जिल्ला व्यवस्थापन समिति, जिल्लास्थित अन्य गैरसरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्दसँग विपद् सम्बन्धी सूचना आदानप्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।

## ५.३. अनुगमन, मूल्याङ्कन तथा सिकाइ

### ५.३.१ लक्ष्य र सूचकहरू

यस योजना नगरपालिकामा विपद्बाट प्रभावित हुने परिवार, मृत्यु हुने तथा घाइतेको संख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ । यस योजनाको अनुगमन, मूल्यांकन र समीक्षाका लागि देहाय बमोजिमका लक्ष्य सूचकहरू निर्धारण गरिएको छ ।

| क्र.सं. | सूचक | आधार रेखा | लक्ष्य |
|---|---|---|---|
| **१.** | **नगरमा विपद्बाट हुने मानव मृत्युदर कम भएको हुनेछ** | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | | |
| **२.** | **न.पा. स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम भएको हुनेछ** | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | | |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | | |
| ३. | न.पा. स्तरमा कुल गार्हस्थ्य उत्पादनमा विपद्का कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | | |
| ४. | नगरपालिका र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | |
| ५. | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने | | |
| ५.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय | | |

| क्र.सं. | सूचक | आधार रेखा | लक्ष्य |
|---|---|---|---|
| | सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरूको प्रतिशत | | |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवं आँकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने वडाहरूको प्रतिशत | | |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | |

### ५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्यांकन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ । उक्त समितिले माथि उल्लिखित सूचकहरूको आधारमा निययित रूपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समितिसमक्ष प्रतिवेदन पेश गर्नेछ । यस्तो प्रतिवेदनमा औंल्याइएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नुपर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । योजना कार्यान्वयनको अवस्था, प्रभावकारिता र सिकाइ कार्यसूचीको प्रारूप, अनुसूची १२ (क) मा संलग्न गरिएको छ । यस योजनाको पुनरावलोकन तथा पृष्ठपोषण संकलन तलको तालिका बमोजिम हुनेछ :

यस योजनाले निर्दिष्ट गरेका कार्यहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि गोदावरी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र यस नगरमा रहेका विषयगत क्षेत्रका अगुवा निकायहरूले योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि तल उल्लिखित संयन्त्र स्थापना गरिएको छ र सो संयन्त्रले पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन गर्नेछ । यस नगरपालिकाभित्र विपद् व्यवस्थापन सम्बन्धी समग्र कार्यको समन्वय, अनुगमन र मूल्याङ्कन नगर स्तरीय विपद् व्यवस्थापन समितिको प्रत्यक्ष निगरानीमा अन्य वडा विपद् व्यवस्थापन समितिको समन्वयमा यस संयन्त्रले गर्नेछ । यस संयन्त्रले तयार गरेको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनलाई समेत आधार लिई विपद् पूर्वतयारी

तथा प्रतिकार्य योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनेछ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिकाको नमुना अनुसूची १२ (ग) मा दिइएको छ ।

| पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| हरेक वर्ष वैशाख महिना | विपद् व्यवस्थापन समिति | योजना कार्यान्वयनको समीक्षा बैठक | महिनाको अन्तिम हप्ता |
| हरेक वर्ष मंसिर महिना | विपद् व्यवस्थापन समिति | योजना कार्यान्वयनको समीक्षा बैठक | महिनाको अन्तिम हप्ता |

## ५.४. क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

| क्र.स. | क्षमता विकासका क्रियाकलापहरू | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | विषय क्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखीकरण तालिम र अभ्यासको व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, गोदावरी नगरपालिका | विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात् |
| २ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, तालिम प्रदान गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, गोदावरी नगरपालिका | विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात् |
| ३ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रूपमा सचालन गर्न क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, गोदावरी नगरपालिका | आगामी आ वा योजना तर्जुमा प्रक्रिया शुरु हुनुभन्दा अगावै |
| ४ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्नै विषयक्षेत्रको क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, गोदावरी नगरपालिका | मनसुनअगावै तथा विपद्को घटना हुनुअघि |
| ५ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि विषयक्षेत्रहरूको क्षमता विकास गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, गोदावरी नगरपालिका | मनसुनअगावै तथा विपद्को घटना हुनुअघि |

# अनुसूची १

## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

### गोदावरी नगरपालिका, कैलाली

छलफलका विषयहरू:

- गत वर्षका विपद्का घटनाहरू र व्यवस्थापन सम्बन्धी समीक्षा
- यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो सम्बन्धी पूर्वानुमानहरू जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ)
- सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (भौगोलिक कार्यक्षेत्र: गाउँ वा नगरपालिका)
- विषयक्षेत्रहरू (गाउँ/नगरपालिकामा रहने क्लस्टरहरू) र तिनका योजना
- योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया
- विपद्का पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा) अनुभवप्राप्त विज्ञ सम्मिलित) कार्यटोली गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने
- पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गाउँ/नगरपालिका, नेपाल सरकार र प्रदेश सरकारका जिल्लास्थित निकायहरू)
- अन्य (जस्तैः समितिको आगामी बैठक सम्बन्धमा)।

# अनुसूची २

## स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश

- उपलब्ध तथ्याङ्क, दस्तावेज, प्रकाशन तथा अभिलेखकहरूको अध्ययन तथा विश्लेषण गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, कम्तिमा विगत ५ वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,
- सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू,
- आधारभूत अध्ययन लगायतका कार्य गर्ने,
- विपद् व्यवस्थानको विगतको अभ्यास अनुभव तथा सिकाइ सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,
- विगतको विपद् पूर्वतयारी योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरू अध्ययन र समीक्षा गर्ने,
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणली, सडक सुरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,
- स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,
- कार्यशाला गोष्ठी सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,
- सबै विषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्ने,
- अनूसूचीमा उल्लिखित नमुना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने ।

## अनुसूची ३

## सरोकारवाला निकायको पहिचान तालिका

### कैलाली जिल्लाका केही महत्वपूर्ण टेलिफोन न.

| सि.नं | निकाय | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ०९१५२१३०१ dao.kailali@gmail.com |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ०९१५२१६०७ ddckailali@gmail.com |
| ३ | नेपाली सेना | प्रमुख सेनानी | ०९१५५०६८१, |
| ४ | नेपाल प्रहरी | प्रहरी उपरीक्षक | ०९१५२११५३ dpokailalikarya1@gmail.com |
| ५ | सशस्त्र प्रहरी बल | प्रहरी उपरीक्षक | ०९१५२६९२७, apfbsokailali@gmail.com |
| ६ | राष्ट्रिय अनुसन्धान | उ.प.अ.नि. | ९८४१२६४४२२ kailalinid89@gmail.com |
| ७ | स्वास्थ्य कार्यालय, कैलाली | जनस्वास्थ्य अधिकृत | ०९१२१६६५ dpho71kailali@gmail.com |
| ८ | संघीय आयोजना कार्यान्वयन एकाइ | आयोजना प्रमुख | ०९१५२६४६७ |
| ९ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | प्रमुख | ०९१-२५०४८ wridd.kailali@gmail.com |
| १० | खानेपानी तथा सरसफाइ डिभिजन | डिभिजन प्रमुख | ०९१५२१७३८, wss.kailali@gmail.com |
| ११ | कृषि ज्ञानकेन्द्र | खगेन्द्रप्रसाद शर्मा | ९८५७४७७२८९ |
| १२ | पशु अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र | प्रमुख | ०९१५२१११४ dlsokailali71@gmail.com |

| सि.नं | निकाय | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) |
|---|---|---|---|
| १३ | खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय | खाद्य अनुसन्धान अधिकृत | ०९११७०३९<br>fieqcodhi2075@gmail.com |
| १४ | नेपाल खाद्य संस्थान | कार्यालय प्रमुख | ०९१५२११२५ nfcdhangadhi@gmail.com |
| १५ | खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालय | कार्यालय प्रमुख | ०९१५२२९७२<br>rftqc091@gmail.com |
| १६ | राष्ट्रिय मानव अधिकार आयोग | क्षेत्रीय निर्देशक | ०९१५२५६२१ |
| १७ | शिक्षा विकास तथा समन्वय एकाइ | उपसचिव | ०९१५२४०४६ |
| १८ | डिभिजन वन कार्यालय कैलाली | डिभिजन वन अधिकृत | ०९१५२११३३<br>kailalidfo@.gov.np |
| १९ | नेपाल विद्युत् प्राधिकरण | प्रमुख | ०९१५६१२६० |
| २० | हेभी इक्विपमेन्ट डिभिजन कार्यालय | हरिहर पन्त (प्रमुख) | ९८४८४२९९९२ |
| २१ | महाकाली बेसिन फिल्ड कार्यालय | कार्यालय प्रमुख | ०९१-५५०६२२ |
| २२ | धनगढी उपमहानगर पालिका | श्री गोपाल हमाल<br>(नगरप्रमुख) | ०९१५२१५२९/<br>९८५८४२११३४<br>dhangadhimum2013@gmail.com |
| २३ | गोदावरी नगरपालिका | विरेन्द्र भट्ट (नगरप्रमुख) | ९८५८४२७०१७, ९८५८४२२८३३<br>birendrabhatta833@gmail.com<br>mayor@godawarimunkailali.gov.np |

| सि.नं | निकाय | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) |
|---|---|---|---|
| २४ | गौरीगंगा नगरपालिका | देविदत्त कंडेल (नगरप्रमुख) | ९८५८४२३२७७<br>devikamdel19@gmail.com |
| २५ | घोडाघोडी नगरपालिका | खडक बहादुर रावत (नगरप्रमुख) | ९८६८६५५२९३<br>ghodaghodimun@gmail.com |
| २६ | भजनी नगरपालिका | केवल चौधरी (नगरप्रमुख) | ०९१५८०१०१/<br>९८६८४१९८८५<br>bhajani.mun@gmail.com |
| २७ | टीकापुर नगरपालिका | रामलाल डगौरा थारु (नगरप्रमुख) | ०९१५६०४९९/<br>९८६८७७०६३४<br>tikapurmun@gmail.com |
| २८ | लम्कीचुहा नगरपालिका | सुशिला शाही (नगरप्रमुख) | ०९१४१९०४६ /<br>९८५१२५९३१६<br>lamkicm@gmail.com |
| २९ | जानकी गाउँपालिका | गणेश चौधरी (अध्यक्ष) | ०९१५०००७७/<br>९८६३०३३०५४<br>janakiruralmun@gmail.com |
| ३० | मोहन्याल गाउँपालिका | देविदत्त उपाध्याय (अध्यक्ष) | ९८५८४२५३६०<br>ito.mohanyalmun@gmail.com |
| ३१ | जोशीपुर गाउँपालिका | चित्र बहादुर चौधरी (अध्यक्ष) | ९८४८४५९६१८<br>joshipurmun@gmail.com |
| ३२ | चुरे गाउँपालिका | चक्र वहादुर बोगटी (अध्यक्ष) | ९८५८४८८०१३<br>chure.gaupalika@gmail.com |
| ३३ | बर्दगोरिया गाउँपालिका | कर्ण बहादुर कुबर (अध्यक्ष) | ९८५८४२४७८९<br>bardgoriyagaupalika2017@gmail.com |
| ३४ | कैलारी गाउँपालिका | राज समभ्क चौधरी (अध्यक्ष) | ९८४८४२२३४८<br>kailarigaupalika@gmail.com |
| ३५ | नेपाल रेडक्रस सोसाइटी | वासुदेव बिनाडी (सभापति) | ०९१५२१३३३/<br>९८१४६३४३९५, ७४८८७१४६६<br>lok.nrcs@yahoo.com |
| ३६ | नेपाल पत्रकार महासंघ | हिमाल जोशी (अध्यक्ष) | ९८६८५६१५४७ |

| सि.नं | निकाय | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) |
|---|---|---|---|
| ३७ | सेती अस्पताल | डा. शेर बहादुर कमर (मे.सु.) | ९८५८४८६७५३<br>sher4717@gmail.com |
| ३८ | मालाखेती अस्पताल | डा. सृजना अधिकारी | ९८४८६९८०८५ |
| ३९ | टीकापुर अस्पताल | डा. रेम कुमार राई | ०९१५६०४८८/९८४१८४४१०९ |
| ४० | लायन्स क्लब | सञ्जय चौधरी | ०९१५६०४८८/९८५८४२००१५ |
| ४१ | कैलाली अस्पताल | जनकराज जोशी | ९८५८४२०३१२ |
| ४२ | कैलाली उद्योग वाणिज्य संघ | पुष्पराज कुँवर | ९८४८५८४३०० |
| ४३ | निर्माण व्यवसायी संघ | यज्ञराज उपाध्याय (अध्यक्ष) | ९८५८४२१५४९ |
| ४४ | राष्ट्रिय अपांग महासंघ | नन्दराज भट्ट | ९८४८६०६८८४ |
| ४५ | यु.एन.डी.पी. | वैजन्ती सिंह गिरी (कार्यालय प्रमुख) | ९८५४०३०६६३<br>baijanti.singh@undp.org |
| ४६ | केयर नेपाल | कालीदास जोशी (यौन तथा प्रजनन् स्वास्थ्य अधिकार अधिकृत) | ९८४८४२८७६९<br>Kalidas.joshi@care.org |
| ४७ | निड्स नेपाल | विनोद कडारा (कार्यक्रम निर्देशक) | ९८५८०२९५०३<br>Binodkadara2006@gmail.com |
| ४८ | एल.टी.आर.सी. | दिनेशचन्द्र जोशी (प्रमुख) | ९८५८४२६९०९<br>laghenepal@gmail.com |

# अनुसूची ४

## विषय क्षेत्रको प्रथम बैठकको कार्यसूची

गोदावरी नगरपालिका, कैलाली

विषयक्षेत्र............

स्थानः

मिति/समयः

छलफलका विषयहरूः

- विषयक्षेत्रको परिचय,
- विषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली,
- प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,
- पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,
- विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
- विद्यमान कमीकमजोरीहरूको पहिचान,
- प्राथमिता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,
- प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,
- विपद्का घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,
- बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना तर्जुमा,
- पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भएसम्म),
- अन्य (जस्तः आगामी बैठक सम्बन्धमा)।

नोटः

प्रत्येक विषय क्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुन्छ

## अनुसूची ५:

## विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त

कुनै विषयक्षेत्रमा परेको समस्या सामाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ। विषयक्षेत्र सदस्य संस्थाका काम कर्तव्य देहाय अनुसार हुनेछन्।

- विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तरराष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकी आवश्यकता अनुसार सहयोग गर्ने,
- नेपाल सरकार र प्रदेश सरकारका जिल्लास्थित निकाय तह, नागरिक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
- आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने (यस अन्तर्गत विपद् प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य सम्बोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्),
- आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारी प्रत्याभूति गराउने,
- विषयक्षेत्रका सहभागीहरू सम्बन्धित नीतिमा मार्गदर्शन तथा प्राविधिक मापदण्डका बारेमा जानकारी राख्छन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्छन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
- विषयक्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको समीक्षा गर्न तथा पर्याप्त प्रतिवदेन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापन गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,

- सूचना सङ्कलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,
- विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने साथै, विषयक्षेत्रका सहभागीहरूलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहन गर्ने,
- मानवीय सहायता संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने,
- पूर्वनिर्धारित प्राथमिकता प्राप्त विषयगत संस्थाहरूलाई अन्तिम सेवा प्रदायकका रूपमा जिम्मेवार बनाउने,
- कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## अनुसूची ६

## अगुवा सहयोगी संस्थाको कार्यशर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि क्रियाकलाप तय गर्नका लागि सबै निकायहरू बीच छलफल गर्न साझा मञ्च प्रावधान सहजकर्ताको रूपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु हो । यसको अन्य भूमिका देहाय बमोजिम हुने छ ।

- सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
- विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरू सञ्चालन गर्ने,
- विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्ने,
- प्रभावकारी प्रतिकार्य र पूर्वतयारी मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने,
- विगतका अनुभवको आधारमा सफलता, सिकाइ, चुनौती तथा कमीकमजोरी पहिचान गर्ने,

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सबै विषयक्षेत्रका तथा अगुवा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने,
- कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने,

## अनुसूची ७

## कार्यशाला गोष्ठीको कार्यसूची

कार्यशाला गोष्ठीका विषयवस्तु देहाय अनुसार रहेका छन्

- सन्दर्भ सामग्री पुनरावलोकनबाट प्राप्त निचोड,
- निकायगत स्रोत, साधन तथा क्षमताहरू,
- सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
- विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
- तीनै चरणका योजनाबद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण,
- योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
- आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिवृद्धि,
- अन्तर सम्बन्धित सवालहरूको सम्बोधन,
- सहकार्य र समन्वयका क्षेत्रहरू र सरोकारवालाहरू,
- अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना,

माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार रहेका छन् :

**१) सन्दर्भ सामग्री पुनरावलोकनबाट प्राप्त निचोड :**

विषयक्षेत्रका सम्बन्धित सदस्यले प्रकोप, सङ्कटासन्नता र जोखिमको आवश्यकताबारे गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन् । सहभागीहरूले यसमा

छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन् । यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ । नगरपालिकाका प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषणको निचोडमा छलफल गरिन्छ ।

**२) निकायगत स्रोत, साधन तथा क्षमताहरू :**

पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेष्ण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्यौल गर्नुपर्छ । यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिने छ । हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफूसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्छ ।

**३) सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र :**

आधारभूत अध्ययनमा सम्बन्धित तहमा प्रकोपहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्न सक्ने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नुपर्छ । यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नुपर्छ । जोखिम विश्लेष्ण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्छ :

क) प्रकोपको घटना घट्न सक्ने सम्भावना,

ख) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्न सक्ने असर सामान्यतया विपद् जोखिम विश्लेषण आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ । प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा र सम्भावित आपत्कालीन अवस्थालाई आधार मात्र सकिन्छ । कहिलेकाहीँ मात्र हुने भए पनि भूकम्प प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्छ ।

**४) विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल :**

सहभागीहरूलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ । यदि एउटै संस्था एकभन्दा बढी विषय क्षेत्रसँग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा बढी योगदान गर्न सकिने विषय क्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ ।

## ५) तीनै चरणका योजनाबद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण :

पूर्वतयारी कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपत्कालीन अवस्थाका कार्यहरू हुन सक्नेछन् । उदाहरणका लागि केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन् :

क) सम्बन्धित तहका विषयक्षेत्र पूर्वतयारी प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने,

ख) विपद् पूर्वतयारी र प्रतिकार्यका लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

ग) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सुरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,

घ) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारुप तयार गर्ने,

ङ) तथ्याङ्क सङ्कलनका लागि आवश्यक फारम तयार गर्ने,

च) पूर्वानुमानमा सूचना तथा सतर्कता सन्देशहरूका लागि सञ्चारमाध्यमहरूको विस्तृत अभिलेख राख्ने,

छ) पूर्वानुमान र  प्रतिकार्य क्रियाकलापहरूका लागि आवश्यक मानवीय, भौतिक तथा वित्तीय स्रोतहरू पहिचान गर्ने,

ज) जनसंख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सुरक्षा स्थिति, जीविकोपार्जन, बसोवासको अवस्था, खुला ठाउँहरू, यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने,

ञ) सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली गठन गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने,

ट) अस्थायी आपत्कालीन आश्रम स्थल, खाद्य तथा गैर-खाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, स्रोत सामग्रीको आँकलन र अपुग सामग्री जोहो गर्ने,

ठ) आपत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्य तथा गैर-खाद्य वस्तुहरूको बजार सर्वेक्षण गर्ने,

ड) स्वास्थ्य सुरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने,

ढ) विद्यालयहरूलाई जोखिमको आधारमा वर्गीकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकस्मिक बनाउने,

ण) जीविकोपार्जनका उपायहरू (गाईपालन, बाख्रापालन, सुँगुर र कुखुरा फर्महरू, माछापोखरी, तरकारी खेती लगायका अन्य पेशा तथा व्यवसाय) र सुरक्षाका अन्य उपायहरूबारे योजना बनाउने,

त) बाढी निकास र नहरहरू सफा रहेको सुनिश्चित गर्ने, संवेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने,

थ) सुरक्षानिकाय र स्वयंसेवकलाई खोज तथा उद्धार तालिम प्रदान गर्ने,

द) पूर्वतयारी बारेमा राजनीतिक दल र नागरिक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने,

ध) कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने,

**केही प्रतिकार्यका कार्यहरू निम्न हुन सक्नेछन् :**

क) विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक गर्ने,

ख) खोज तथा उद्धार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने,

ग) घाइते तथा बिरामीलाई घुम्ती क्लिनिकहरूमार्फत प्राथमिक उपचार गर्ने,

घ) मानिसहरू र घरपालुवा जनावरहरू स्थानान्तरण गर्ने,

ङ) सूचना सङ्कलन गर्न, व्याख्या गर्न, र पुष्टि गर्न आपत्कालीन सूचना प्रणाली (तथ्याङ्क-सूचना एकाइ) स्थापना र सञ्चालन गर्ने,

च) आपत्कालीन प्रतिकार्यका लागि स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाउने,

छ) आपत्कालीन आश्रय स्थल तथा राहत सामग्रीको व्यवस्था गर्ने,

ज) बाढीको खतरा क्षेत्रमा नदीको सतह तहभन्दा तल नझरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी राख्ने,

झ) सम्बद्ध आपत्कालीन प्रतिकार्य योजनाहरूलाई सक्रिय बनाउने,

ञ) विषयगतक्षेत्र (cluster) र कार्यदल समूहले आफ्ना सम्बधित आपत्कालीन योजनाहरू सक्रिय बनाउन नेतृत्व गर्ने ।

**नोटः**

पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरू सम्बन्धी थप जानकारी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ बाट पनि लिन सकिनेछ । प्रकोप पूर्वसूचना प्रणाली सम्बन्धी जानकारी राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र वा सम्बधित जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत लिन सकिनेछ ।

**६) योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका :**

विभिन्न निकायहरूको जिम्मेवारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँच तथा सम्बधित निकायको कार्यक्षेत्र, कार्यशर्तहरूमा उल्लेख भए अनुसार हुन्छ । कार्यशालामा सम्बधित विपद्

व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्यहरू, मानवीय कार्यमा संलग्न संथाहरूको भूमिकाको बारेमा छलफल गर्नुपर्छ । यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरूलाई स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्नेछ ।

### ७) आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिवृद्धि गर्ने रणनीति :

योजना तर्जुमा गर्दा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक स्रोत र योजना कार्यान्वयनमा संलग्न संस्थाहरूको क्षमता विश्लेषण गरी अपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु पर्छ । विश्लेषणमा विपद् घटना पश्चात् प्रभावितहरूलाई मानवीय आवश्यक पर्ने खाद्यान्न, स्वास्थ्य तथा सरसफाइ सामग्री आदि), जनसङ्ख्याको विशेषता -जस्तैः लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवम् सम्बधित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था (पहुँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नुपर्छ ।

### ८) अन्तर सम्बन्धित सवालहरूको सम्बोधन :

विपद् महिला/पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त वा विभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरूमा फरक-फरक प्रभाव पर्छ । विपद् हुनुअगावैको अवस्थामा समेत समाजका केही समूह तथा व्यक्तिहरू आर्थिक तथा समाजिक हिसाबले सीमान्तकृत भएका हुन्छन् । यसैले सङ्कटासन्नता लेखाजोखा, क्षमता विकास र स्रोत परिचालन गर्दा महिला, पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त वा विभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मद्देनजर राख्नुपर्छ । यी मुद्दालाई विशेष ध्यान पुऱ्याई उनीहरूको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्बोधन गर्नुपर्छ । विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रूपमा पिछडिएका समुदायको पहुँच, प्रतिनिधित्व र सक्रिय सहभागीताको सुनिश्चितता गर्नु पर्दछ ।

### ९) सहकार्य र समन्वयका क्षेत्रहरू र सरोकारवालाहरू :

योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी योजनामा समावेश गरिन्छ । अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरू निर्धारण गरिनु पर्छ । अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरू निर्धारण गरिनु पर्दछ । अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ट गरी समयमै गराएमा उनीहरूले आफ्ना योजनामा राख्न सक्छन् ।

### १०) अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्य अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुईपटक गर्नु उपयुक्त हुन्छ (जस्तैः बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात्, शीतलहर पूर्व र पश्चात्, अन्य प्रकोपको हकमा विपद् पश्चात्) । योजनाको कार्यान्वयनको आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धवार्षिक गर्न सकिन्छ । योजनाको कार्यान्वयनको वार्षिक मूल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ । प्रत्येक विषयक्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्याङ्कनका लागि आ-आफ्नो योजना बनाउनु पर्दछ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी तथा सिकाइहरू मूल्याङ्कन गर्ने कार्य गाउँ/नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नु पर्छ । यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयमा कार्य गर्नेछ ।

# अनुसूची ८

## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र. | नाम | संघ/संस्था | प्द | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १. | विरेन्द्र भट्ट | नगर प्रमुख, गोदावरी | अध्यक्ष | ९८५८४२७०१७ | |
| २ | शारदा देवी रोकाया | नगर उप-प्रमुख, गोदावरी | सदस्य | ९८५८४२७०१६ | |
| ३ | हरिदत्त भट्ट | प्र.प्र.अ., गोदावरी न.पा | सदस्य | ९८५८४३५१११ | |
| ४ | प्रयाग राज जोशी | शिक्षा शाखा प्रमुख, | सदस्य | ९८४१९३७२४९ | |
| ५ | नन्दी मल्ल | कृषि शाखा प्रमुख, गोदावरी | सदस्य | ९८४८४२५००४ | |
| ६ | गणेशराज पनेरु | जिन्सी शाखा प्रमुख, | सदस्य | ९८४८७२५६३१ | |
| ७ | नवराज अवस्थी | स्वास्थ्य शाखा प्रमुख, | सदस्य | ९८४८४८५९३० | |
| ८ | पुर्ण वहादुर कुवँर | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य | ९८५११४७४८ | |
| ९ | शिवराज भाट | प्रशासन शाखा प्रमुख | सदस्य | ९८४८४२८१९१ | |
| १० | प्रमलसिंह महरा | फोहोरमैला व्यवस्थापन | सदस्य | ९८४८७३९९८२ | |
| ११ | गोदावरी खत्री | महिला विकास शाखा, | सदस्य | ९८४८४९७३६५ | |
| १२ | महाजित साउद | योजना शाखा प्रमुख, | सदस्य | ९८४८४५९९०५ | |
| १३ | रोहीत प्रसाद जोशी | रोजगार शाखा प्रमुख | सदस्य | ९८४९०५४८५३ | |
| १४ | रामबहादुर सार्की | पशु शाखा प्रमुख | सदस्य | ९७४९०१३५५७ | |
| १५ | मनोज बहादुर धामी | सूचना शाखा प्रमुख | सदस्य | ९८६८७७५५६८ | |
| १६ | लोकबहादुर खड्का | आर्थिक विकास शाखा | सदस्य | ९८४८४७६३४५ | |
| १७ | राजु दहीत चौधरी | सामाजिक सुरक्षा तथा पञ्जीकरण | सदस्य | ९८४८४६४१७९ | |
| १८ | मोहनदेव पन्त | नगर प्रहरी प्रमुख, | सदस्य | ९८४१३६११२६ | |
| १९ | भरत खडका | नेपाल रेडक्रस सोसाइटी, | सदस्य | ९८५८४२०८०२ | |
| २० | कल्याण सिं बोहरा ( | उद्योग वाणिज्य संघ | सदस्य | ९८५८४२०४६८ | |
| २१ | | इलाका प्रहरी कार्यालय मालाखेती | सदस्य | ९८५८४९००४० | |
| २२ | सुलोचना कु. खड्का | वतावरण तथा विपद् | सदस्य | ९८६५९६०५५५ | |

## अनुसूची ९

## विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | वतावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख, गोदावरी न.पा | सुलोचना कुमारी खड्का | ९८६५९७४७७७ |
| २ | कृषि शाखा प्रमुख, गोदावरी न.पा. | नन्दी मल्ल | ९८४८४२५००४ |
| ३ | स्वास्थ्य शाखा प्रमुख, गोदावरी न.पा. | नवराज अवस्थी | ९८४८४८५९३० |
| ४ | योजना शाखा प्रमुख, गोदावरी न.पा. | महाजित साउँद | ९८४८४५९९०५ |
| ५ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |
| ६ | महिला विकास शाखा, गोदावरी न.पा. | गोदावरी खत्री | ९८४८४९७३६५ |
| ७ | शिक्षा शाखा प्रमुख, गोदावरी न.पा. | प्रयागराज जोशी | ९८४१९३७२४९ |
| ८ | योजना शाखा प्रमुख, गोदावरी न.पा. | पुर्ण कुँबर | ९८५११४७४८ |

## अनुसूची १०

## विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १. | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सुलोचना खड्का | ९८६५९७४७७७ |
| २ | खाद्य तथा कृषि क्षेत्र | नन्दी मल्ल | ९८४८४२५००४ |
| ३ | स्वास्थ्य तथा पोषण क्षेत्र | नवराज अवस्थी | ९८४८४८५९३० |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | ज्ञानेन्द्र बुढा | ९८६५९०८०९९ |
| ५ | आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री | मोहन खत्री | ९८६४७०३४०० |

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| ६ | संरक्षण तथा सुरक्षा क्षेत्र | गोदावरी खत्रि | ९८४८४९७३६५ |
| ७ | आपत्कालीन शिक्षा क्षेत्र | प्रयागराज जोशी | ९८४१९३७२४९ |
| ८ | शीघ्र पुनर्लाभ क्षेत्र | पुर्ण व. कुवर | ९८५११४७४८ |

## अनुसूची ११

## प्रतिकार्यका लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण

नगरपालिका, वडा कार्यालयहरू, स्वास्थ्य संस्था, रेडक्रस, प्रहरी चौकी, विद्यालयहरू, बैंक तथा ऋण सहकारी संस्थाहरू, सरकारी तथा गैह्र सरकारी निकायहरू र संघ संस्था आदिसँग सम्बन्धित जनशक्ति र स्रोतलाई साधन तथा क्षमताको रूपमा लिइएको छ ।

| क्र.सं | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | मोहनदेव पन्त | नगर प्रहरी प्रमुख | ९८४१३६११२६ |
| २ | लालबहादुर बोगटी | दमकल ड्राइवर | ९८६८५८६६६० |
| ३ | दिपक भट्ट | दमकल ड्राइवर | ९८६५८३००१ |
| ३ | गंगाराम भट्ट | फायरमेन | ९८६८५२२१९४ |
| ४ | उत्तमबहादुर कडायत | फायरमेन | ९८२०६०८४६८ |
| ५ | भीम साउद | फायरमेन | ९८०४६१९९१९ |
| ६ | अशोकबहादुर चन्द | फायरमेन | ९८६५८२९५४३ |
| ७ | साधुराम चौधरी | नगर प्रहरी | ९८४८७७७५४१ |
|  | मेहन देव पन्त | नगर प्रहरी | ९८४१३६११२६ |
| ९ | अमर राज शर्मा | नगर प्रहरी | ९८६८७६३४२७ |
| १० | लोकराज भट्टराई | नगर प्रहरी | ९८४८५७९५५१ |
| ११ | जानकी ऐर | नगर प्रहरी | ९८६८८८०३२५ |

| | | | |
|---|---|---|---|
| १२ | पार्वती विष्ट | नगर प्रहरी | ९८६५७७५५४८ |
| १३ | प्रमानन्द भट्ट | नगर प्रहरी | ९८६५६४९९०६ |
| १४ | अम्मर बहादुर भाट | नगर प्रहरी | ९८४८५९३२३० |

## अनुसूची १२

## योजना अनुगमन, मूल्याङ्कन तथा सिकाइ संश्लेषण प्रारूप

क. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुगमनका लागि सूचक तथा लक्ष्यहरू

| क.सं. | सूचक | आधाररेखा | लक्ष्य |
|---|---|---|---|
| १. | नगर क्षेत्रमा विपद्बाट हुने मृत्युदर कम गर्ने | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | | |
| २. | गाउँ/नागरपालिका स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | | |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूकको वार्षिक औसत संख्या | | |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूकको वार्षिक औसत संख्या | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | | |
| ३. | विपद्का कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति कम गर्ने | | |
| ४. | संघ, प्रदेश स्थानीय तहहरू र सरोकारवालाहरूबीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्रको विकास हुने | | |
| ५. | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आँकलन, उपलब्धता र पहुँचमा वृद्धि | | |
| ५.१ | कुल क्षेत्रफलको अनुमान तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्र | | |

| | | | |
|---|---|---|---|
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्या अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्या | | |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका | | |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवम् आँकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने वडा सङ्ख्या | | |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्या | | |

ख) पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन अवस्था र सिकाइ सम्बन्धी ढाँचा

| क.सं | पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी कार्यहरू | मख्य जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था | असल अभ्यास तथा कमीकमजोरी | सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नोटः अनुगमन, मूल्याङ्कन तथा सिकाइलाई अन्य स्थापित प्रचलनका ढाँचा पनि अभिलेखन गर्न सकिन्छ ।

ग) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका

| योजना पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य (बैठक गर्ने, बजेट व्यवस्था आदि) | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| वार्षिक | गोदावरी, न.पा. | कार्यशाला र बैठक गर्ने र आएका योजानाहरूलाई अद्यावधिक गर्ने । | प्रत्येक वर्षको मनसुन अगाडि । |

**घ) घटना विवरण प्रतिवेदन ढाँचा**

१. तयार गर्ने गोदावरी नगरपालिकाः

२. प्रतिवेदन तयार गरेको मिति :

३. पेश गरेको निकायः (जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आदि)

४. बोधार्थः (जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आदि)

५.प्रतिवेदन अवधि (असारदेखि कार्तिकसम्म)

६. सामान्य अवस्था (प्रभावित क्षेत्र, प्रभावित जनसङ्ख्या, क्षति भएको घर आदि)

७. पूर्वतयारी कार्यको विवरण

८. पूर्वतयारी योजना (सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी क्षेत्रबाट प्रदान गरिने पूर्वतयारी योजना /कार्य)

९. खोज तथा उद्धार र राहतको विवरण (सरकारी, गैरसरकारी, नेपाल रेडक्रस सोसाइटी र राष्ट्रसङ्घीय निकायहरूबाट भएका खोज, उद्धार र राहत)

१०. खोज तथा उद्धार र राहतका योजना (सरकारी, रेडक्रस र गैरसरकारी क्षेत्रबाट प्रदान गरिने खोज, उद्धार र राहतको योजना)

११. पूर्वतयारी तथा खोज उद्धार र राहतमा देखिएका कमी वा कठिनाइ

१२. समस्या समाधानका उपाय वा आवश्यक सहयोगको अपेक्षा

## अनुसूची १३

## हेलिप्याड

| क्र.सं | उप महा न. पा. | ठेगाना | World Area code | अक्षांश | देशान्तर | OpenStreetMap ID |
|---|---|---|---|---|---|---|
| १. | धनगढी उप न.पा. | गेटा | 755 | १२८.७५३ | ८०.५८०७ | 715878543 |

# अनुसूची १४

## खुल्ला तथा सुरक्षीत स्थान

| *क्र.सं* | *नाम* | *ठेगाना* | *कैफियत* |
|---|---|---|---|
| १. | घण्टेश्वर मा.वि. र गुहेश्वरी मा.वि. | वार्ड नं. १ | |
| २ | दुर्गालक्ष्मी र सु.प. समावेशी | वार्ड नं. २ | |
| ३ | स्कुल र खेल मैदान | वार्ड नं. ३ | |
| ४ | दुर्गा मा.वि.,हाटखोली, दर्शन प्रा.वि.,सरस्वती प्रा.वि. खैराना | वार्ड नं. ४ | |
| ५ | सिद्धबाबा मा.वि. गेटा र सरस्वती मा.वि. गेटा | वार्ड नं. ५ | |
| ६ | शैलेश्वरी आ.वि.,सुर्योदय आ.वि., नवदुर्गा आ.वि. | वार्ड नं. ६ | |
| ७ | खैरानी खेल मैदान, शान्ती टोल खेल मैदान, श्रीलंका खेलमैदान | वार्ड नं. ७ | |
| ८ | दुर्गा भवानी मा.वि. | वार्ड नं. ८ | |
| ९ | समैली आ.वि.,वन उपभोक्ताको भवन गोलादेउ | वार्ड नं. ९ | |
| १० | गणेश आ.वि., नागरीक सचेतना केन्द्र र घण्टाघर आ.वि. | वार्ड नं. १० | |
| ११ | सरस्वती मा.वि. | वार्ड नं. ११ | |
| १२ | गैरीशंकर आ.वि.,भगवती आ.वि. | वार्ड नं. १२ | |

# अनुसूची १५
# सन्दर्भ सामग्री

१. जिल्ला विपद् पूर्वतयारी तथा प्रति कार्ययोजना २०८० बाहौ संशोधन

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (सङ्घीय ऐन), नियमावली, २०७५

३. गोदावरी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. गोदावरी नगरपालिकाको विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७५

६ जोखिम संवेदनशील भू-उपयोग योजना (मस्यौदा प्रतिवेदन, २०७८)

७. आपत्कालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७

८. बाढी पूर्वतयारीका लागि आवास कार्य सञ्चालन कार्यविधि, २०७७

९. विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७